# ब्यवसायिक बंगुरपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर १९ गतेदेखि २१ गतेसम्म झापा जिल्लाको दमक मा **"ब्यवसायिक बंगुरपालन तालिम"** सम्पन्न गरेको संस्थाका दमक. शाखा कार्यालयका शाखा प्रमुख उदय राज पोखेलले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षक श्री कृष्ण अर्याल, क्षेत्रीय प्रमुख श्री लक्ष्मीपति काफ्ले शाखा प्रमुख श्री उदय राज पोखेल रहेका थिए । तालिमको उद्घाटन दमक नगरपालिका वडा नं. ५ का वडाध्यक्ष श्री इन्द्र गुरुङ्गले गर्नुभएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धैरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख लक्ष्मीपति काफ्लेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको दमक शाखा कार्यालयका प्रमुख उदय राज पोखरेलले प्रकाश पारेका थिए ।

बंगुरपालन तालिममा बंगुरपालनको परिचय देखि लिएर यसका फाईदा,बेफाइदा,बंगुरपालनका प्रणालीहरु,बंगुरका नश्ल/जातहरु,ब्यबसायका लागि उपर्युक्त जातको छनौट,बंगुरको खोर ब्यबस्थापन,बंगुर तथा पाठापाठी ब्यबस्थापन,बंगुरको आहार ब्यबस्थापन,आहारको बर्गीकरण, प्रजनन् ब्यबस्थापन र यसको बारेमा, बंगुरमा लाग्ने रोगहरु र यसको नियन्त्रण र रोकथामका उपायहरु,बंगुरको फोहोर ब्यबस्थापन ,जैविक सुरक्षाको महत्व तथा उपायहरु,फार्म अभिलेख ब्यबस्थापन,बंगुरको आम्दानी खर्च सम्बन्धी बिष्लेषण , उन्नत बंगुरपालन फर्म निरीक्षण गर्ने, यसको बजार ब्यवस्थापन, बंगुरपालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको कर्जा सदुपयोगीता साथै संस्थाका सेवाहरु आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने शाखा प्रमुख उदय राज पोखरेल बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पीडित, पिछडिएका

विपन्न परिवारका महिलाहरुलाई समुहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ कातिृक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । बंगुरपालन गरीरहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका दमक शाखाका शाखा प्रमुख श्री उदय राज पोखरेलले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री चन्द्र कला मगर, सहभागी श्री  अन्जना राई र रतनमाया मगरले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बंगुरपालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बंगुरपालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख लक्ष्मीपति काफ्लेले जानकारी गराएका थिए । तालिमको संचालन दमक शाखाका शाखा प्रमुख उदय राज पोखेलले गरेका थिए